संघीय संसद

प्रतिनिधि सभा

विकास तथा प्रविधि समिति

बैठक संख्या : ६०

मिति: २०७६/०८/०५

छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा नुवाकोट र धादिङ जिल्लाको सीमामा रहेको बल्चरे डाँडामा निर्माणाधीन स्याण्डफिल्ड साइडको डि.पि.आर. को सम्बन्धमा नेपाल सरकार शहरी विकास मन्त्रालयका [illegible] राज्यमन्त्री र सचिवसँग छलफल भयो ।

१ आजको बैठकमा नवनियुक्त शहरी विकास राज्यमन्त्री मा. रामवीर मानन्धरलाई स्वागत गरियो र मा. सभापतिले उहाँलाई समितिको तर्फबाट सफल कार्यकालको लागि शुभकामना दिनुभयो ।

२ बल्चरे डाँडामा निर्माणाधीन स्याण्डफिल साईटको निर्माण कार्यलाई तिव्रता दिन सोको लागि तैयार पारिएको डि.पि.आर. को विवरण समितिको बैठकमा मन्त्रालयको तर्फबाट जानकारी गराईयो । मा. सदस्यहरुले सो प्रतिवेदन माथि आ-आफ्नो धारणा राख्नुभयो ।

३ झापा जिल्लामा रहेको खानेपानी मन्त्रालय शहरी विकास मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तरगत संचालित आयोजनाहरुको उपयुक्त समयमा स्थलगत अनुगमन गर्ने ।

४ समितिको अर्को बैठक २०७६ साल मंसिर ६ गते बिहीबार बिहान ११:०० बजे बस्ने गरी स्थगित भयो ।

(वंशीराज पौडेल)
समिति सचिव

(कल्याणी कुमारी खड्का)
सभापति